# सिरीजङ्घा गाउँपालिकाको गाउँ सभाको बैठकमा २०७६ असार १० गते सिरीजङ्घा गाउँपालिकाको अध्यक्ष श्रीमान टिका राम गुरुङले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्य

सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

उपस्थित सम्पुर्ण महानुभावहरु,

१. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनको मर्म अनुरुप यस सिरीजङ्गा गाउँपालिका, गाउँकार्यपालिकाको अध्यक्ष म टिकाराम गुरुङ आगामी आ.व. २०७६/७७ को बजेट यस गरिमामय सिरीजङ्गा गाउँपालिकाको गाउँसभामा प्रस्तुत गरिरहँदा गौरव महशूस गरिरहेको छु। यस अवसरमा सिरीजङ्गा गाउँपालिका र व्यक्तिगत रुपमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटकपटक गर्दै आएको एतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, जनजाती आन्दोलन लगायतका आन्दोलनहरुको स्मरण गर्दै लोकतन्त्रको स्थापनार्थ शहिदहरुको त्याग र वलिदानलाई उच्च सम्मान गर्दछु।

२. 'समृद्द नेपाल सुखी नेपाली' भन्ने राष्ट्रिय लक्ष्य, 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' भन्ने प्रादेशिक लक्ष्य प्राप्तीका लागि 'सुखी गाउँवासी, समृद्द गाउँपालिका' बनाउने हाम्रो गाउँपालिकाको गन्तव्य रहने छ।

३. २ वर्षीय स्थानीय सरकार सञ्चालन अवधीको आगामी दिनमा सकारात्मक समीक्षा तथा सहि मुल्याङकन गर्दे अबका दिनहरुमा हिमाली विकट भौगोलिक अवस्थितीमा रहेको यस गाउँपालिकाका सर्वसाधारण जनताले विगतमा समेत अनुशरण गरिएको र थप दिगो सुशासन सहित प्रत्यक्ष अनुभुत गर्ने सहभागिता मुलक योजना तर्जुमा गर्ने, स्थानीय योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारीत माटो सुहाँउदो कार्यक्रम, टुक्रे बजेट युक्त कार्यक्रमहरुलाई निरुत्साहित गर्ने तथा दिगो विकासलाई स्थायी संस्थागत स्वरुप दिने प्रवृतीका गतिविधीहरु सञ्चालन गरी यस क्षेत्रका प्रत्येक नागरिकहरुको गरिबी दुर गर्न ठोस रणनीति सहितको वातावरण निर्माण भएको छ।

४. मैले आ.व. २०७६/०७७ को बजेट तर्जुमा गर्दा नेपालको संविधान र अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि सहित, संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, आर्थिक तथा वित्तीय नीतिहरु, प्रादेशिक सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, आर्थिक तथा वित्तीय नीतिहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ र यसले व्यवस्था गरेका प्रावधानहरु, संघिय तथा प्रादेशिक बजेट वक्तव्यहरु, सिरीजङ्गा गाउँपालिकाद्वारा तर्जुमा तथा निर्माण गरिएका आवधिक योजना,

स्थानीय कानुन, नियम, कार्यविधी, निर्देशिकाहरु सहित गाउँपालिका गाउँकार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, नागरिक समाज, बुद्दिजीवी, निजी क्षेत्र, संघ संस्थाबाट प्राप्त भएको सुझाब लगायतलाई ध्यान दिई बजेट तर्जुमा गरेको छु।

५. मैले यस आर्थिक वर्षको बजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पु-याउने, उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय वासिन्दाको सहभागिता जुट्ने, स्वयमसेवक परिचालन गर्न सकिने तथा लागत कम गर्ने, कृषि उत्पादनमा वृद्दि हुने तथा सहयोग पु-याउने योजना तथा कार्यक्रमहरु छनौट गर्ने , स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्ने, वातावरण संरक्षण तथा सम्वर्द्दन र जलबायु परिवर्तन अनुकुलता सहयोग पु-याउने प्रकारका योजनाहरु सञ्चालन गर्ने जस्ता विषयलाई विशेष प्राथमिकता दिई बजेट तर्जुमा गरेको छ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अब म गाउँपालिकाको आर्थिक अवस्था अवस्था संक्षिप्त रुपमा चर्चा गर्न चाहन्छु,

६. आर्थिक वर्ष २०७५/०७६ मा संघिय, प्रादेशिक विभिन्न अनुदान तथा मौज्दान गरी जम्मा रु ३६,६१,११,८९५।—(अक्षरेपी छत्तिस करोड एक सठ्ठी लाख एघार हजार आठ सय पन्चानब्बे) मात्रको प्रक्षेपण गरिएकोमा रु. ११,१५,००,०००।—( अक्षरेपी एघार करोड पन्ध्र लाख) वित्तीय समानिकरणको रुपमा प्राप्त भई वडा तथा गाउँपालिकास्तरिय २२८ जम्मा योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गरिएको थियो। स्मरण रहोसः उक्त वित्तीय समानिकरण रकम अर्थात रु. ११,१५,००,०००।—(अक्षरेपी एघार करोड पन्ध्र लाख) गाउँपालिकाको विकास सम्बद्द क्षेत्रमा प्रत्यक्ष लगानी योग्य रकम रहेको थियो।

७. आ.व. २०७५/०७६ को अन्त्यसम्ममा गाउँपालिकाको कृषि क्षेत्रको वार्षिक औसत वृद्दिदर (प्रतिशत) ३% र गैर कृषि क्षेत्रको वार्षिक औसत वृद्दिदर (प्रतिशत) १.१ % रहेको छ। त्यसै गरि

गाउँपालिकाको वार्षिक औसत रोजगार वृद्दिदर (प्रतिशत) २.९ रहेकोमा मानव विकास सुचकांक ०.४९४ रहेको छ।

८. गाउँपालिकाको केन्द्र तेल्लोकमा आ.व. २०७५/०७६ अन्त्यसम्म राष्ट्रिय स्तरको वाणिज्य वैंक नेपाल वैंक लिमिटेड संचालनमा आएको छ।

९. "सहभागितासँगै आर्थिक सबलता वृद्दि, सहकारिता सँगै विकास र उन्नति" भन्ने लक्ष्य अनुरुप गाउँपालिकामा आ.व. २०७५/०७६ अन्त्यसम्म १८ सहकारी संस्थाहरु क्रियाशिल रहेको छ, जसले प्रत्यक्ष रुपमा स्वरोजगारको अवस्था सिर्जना गरिदिएको छ।

१०. गाउँपालिकाको आ.व. २०७५/०७६ मा अद्यावधिक गरिएको विवरण अनुसार गाउँपालिका जनसङख्या १६३६८ पुगेको छ। गाउँपालिकामा वाह्रै महिना संचालन हुने कच्ची सडक ४४.२२ कि.मी. रहेको छ भने अन्तरगतका वडाहरुमा संचालित लघु जलविद्युत परियोजनावाट कुल ३४७ कि.वा. जलविद्युत उत्पादन भईरहेको छ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अब म गाउँपालिकाको आगामी वर्ष २०७६/०७७ को उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न अनुमती चाहन्छु। बजेटका उद्देश्य निम्न  अनुसार रहेका छन।

क. समता, समानता र न्यायपुर्ण वितरणसहितको समाज निर्माण गर्दै आर्थिक, सामाजिक, वातावरणीय तथा शासकिय पद्दती रुपान्तरण गर्नु।

ख. सर्व सुलभ आधारभुत पूर्वाधार निर्माण, उत्पादनशील एवम मर्यादित रोजगारी, सामाजिक-आर्थिक रुपान्तरण, उच्च तथा दिगो आर्थिक वृद्दि र गरिवी निवारण गरी समृद्दिको आधारहरु निर्माण गर्नु।

ग. सामाजिक न्याय तथा, गुणस्तरीय तथा जवाफदेही सार्वजनिक सेवा र स्वस्थ तथा सन्तुलित वातावरण कायम गरी नागरिकलाई परिष्कृत र मर्यादित जीवनको अनुभूति दिलाउनु ।

११. उपर्युक्त उद्देश्य हासिल ग्रन यस बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरेको छु।

क. कृषिको व्यवसायीकरण, पर्यटन तथा सेवा क्षेत्रको विकास, साना तथा घरेलु उद्योग एवं व्यापार व्यवसायको प्रवर्द्धनबाट रोजगारमूलक स्थानीय अर्थतन्त्रको विकास भई गाउँपालिकावासीको रोजगारी र आय स्तरमा सुधार,

ख. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं पोषण, स्वच्छ पिउने पानी तथा सरसफाइको सुविधामा पहुँच र युवा एवं खेलकुद विकास तथा प्रवर्द्धनका साथै लैङ्गिक समानता, सामाजिक समावेशीकरण सुनिश्चित गरी गाउँपालिकावासीलाई आधारभूत सामाजिक सेवा, संरक्षण र सुरक्षाको उपलब्धता,

ग. आधारभूत तथा गुणस्तरीय भौतिक एवं सामाजिक पूर्वाधारको निर्माण, स्तरोन्नति र मर्मत सम्भारबाट गाउँपालिका विकासमा गतिशीलता आई गाउँपालिकावासीको सेवा तथा सुविधा प्राप्ति, पहुँच र प्रवाहमा सहजता,

घ. वन, वन्यजन्तु, जैविक विविधता तथा भू तथा जलाधार क्षेत्रको संरक्षण, विकास, संवर्द्धन, प्रवर्द्धन र दिगो उपयोग गर्दै, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण उपायको अवलम्बनबाट वातावरणमैत्री विकास भई हरित, सफा उज्यालो र बस्नयोग्य व्यवस्थित गाउँपालिका निर्माण,

ङ. विधि र प्रक्रियाको निर्माण, चुस्त तथा प्रभावकारी संगठन संरचना र क्षमता विकास, सार्वजनिक, निजी, सहकारी, गैसस तथा सामुदायिक साझेदारीलाई प्रवर्द्धन गर्दै सेवा प्रवाह सुनिश्चितता,

च. लैंगित समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता वृद्दि गर्ने नीतिलाई प्रोत्साहन,

छ. आन्तरिक र बाह्य स्रोत साधनको उच्चतम प्रयोग गर्दै प्रविधिमैत्री कर तथा आर्थिक प्रशासनको माध्यमबाट वित्तीय अनुशासन कायम भई स्थानीय सुशासनको प्रत्याभूत,

**उपस्थित महोदयहरु,**

अब म वित्त हस्तान्तणको रुपमा गाउँपालिकालाई संघिय तथा प्रदेश सरकारबाट प्राप्त विविध अनुदान तथा वजेटको समग्र विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।

१२. नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मापदण्डको आधारमा संघिय सरकारबाट वित्तिय समानीकरण अनुदानको रुपमा रु.१० करोड ९६ लाख र राजश्व बाँडफाँड अन्तरगत रु. ७ करोड २६ लाख सहित रु. १८ करोड २२ लाख प्राप्त भएको छ। निश्चित गरिएका अनिवार्य रुपमा संचालन गरिनुपर्ने कार्यक्रम संचालानार्थ सशर्त अनुदानको रुपमा रु. १७ करोड ६३ लाख संघिय सरकारको अनुदान सहित कुल रु. ३५ करोड ८५ लाख संघिय अनुदान प्राप्त गरेको छ।

१३. संविधानद्वारा निश्चित गरिएको ३ तहको सरकार अनुरुप प्रदेश सरकार सहितको साझा अधिकारका सूची सहितको अभ्यासलाई सार्थक रुप दिन प्रदेश सरकारद्वारा वित्तिय समानीकरण अनुदानको रुपमा रु. ६९ लाख ७० हजार र सवारी साधन करको बाँडफाँड अन्तरगत रु. ३४ लाख ९४ हजार सहित कुल रु. १ करोड ४ लाख ६४ हजार प्रदान गरेको छ। संघिय सरकार र प्रादेशिक सरकारद्वारा प्रदान गरिएको सबै प्रकृतीका अनुदान सहित कुल रु. ३६ करोड ८९ लाख ६४ हजार ४ सय मात्र गाउँपालिकाका आ.व. २०७६/७७को बजेट स्रोतको रुपमा प्राप्त भएको विवरण प्रस्तुत गर्दछु।

१४. आर्थिक वर्ष २०७६/०७७ को राजश्व कर तथा गैर करको स्रोत, दर, संकलन तथा प्रशासन आर्थिक विधेयक २०७६ मा व्यवस्था भए बमोजिम हुने। विनियोजन विधेयक, २०७६ र आर्थिक विधेयक, २०७६ समेत यसै सम्मानित सभामा पेश गरेको छु।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न अनुमति चाहन्छु।

**कृषि सम्बन्धी व्यवस्थाः**

१५. गाँउपालिकाको मुख्य रोजगारी र जीविकोपार्जनको रुपमा कृषि क्षेत्र रहँदै आएको सबैमा विदितै छ। तसर्थ कृषि क्षेत्रलाई ठोस आयमुलक तथा रोजगार मुलक क्षेत्रको रुपमा विकास गर्दै समुहमा आधारित फलफुल खेती, तरकारी खेती, तथा पशुपालनलाई प्रोत्साहित गरि उत्पादित फलफुल पशु पंक्षी तथा तरकारीहरुको व्यबस्थित बजार प्रबर्धन गर्नका लागि कृषि तथा पर्यटन रणनीति तर्जुमा गरिएको सन्दर्भमा कृषक हित मुखी कार्यक्रमहरु संचालनमा ल्याई खाद्य सम्प्रुभता सहितको कृषि क्षेत्रलाई गाउँपालिकाको आर्थिक कृयाकलापसंग आबद्ध गर्ने व्यवस्था मिलाएको छु ।

१६. स्थानीय सम्भाव्यताको आधारमा उत्पादनयोग्य नगदे बाली तथा पशुपालनमा आधुनिक प्रविधिको प्रयोग र व्यवसायीकरणलाई बढावा दिँदै उत्पादन तथा उत्पादकत्वको अभिवृद्धि गरिनेछ ।

१७. व्यवसायिकताको आधारमा उत्पादन र उत्पादकत्व बढाउन कृषकहरूको सीप अभिवृद्धि र प्रविधिमा पहुँच विस्तार गर्न कार्यक्रमिक र संस्थागत सुधार गरिनेछ ।

१८. कृषिमा यान्त्रीकरण, प्रविधि अनुसन्धान र प्रविधि हस्तान्तरण गरी व्यवसायीकरण गर्न शैक्षिक, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

१९. कृषिको व्यवसायीकरणमा उन्नत बीउबिजन, मल, सिञ्चाइ, ज्ञान, सीप र प्रविधि आदि जस्ता विषयमा सरकारी, गैरसरकारी, निजी तथा विकास साझेदारको समेत प्राविधिक सहयोग जुटाई समुचित संयन्त्रका माध्यमबाट कृषकमा पुऱ्याइने व्यवस्था मिलाइनेछ । उक्त कार्य सञ्चालनमा सघींय र प्रदेश सरकारसँग समेत आवश्यक समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

२०. उत्पादनमूलक कृषि उद्योग तथा सहकारी संस्थाहरूको विकास गरी उत्पादन, उत्पादकत्व, बजारीकरण, ब्रान्डिङ र सामूहिक बौद्धिक सम्पत्ति सृजनालाई प्रोत्साहन गरिनेछ ।

२१. वडामा स्रोत केन्द्रहरू स्थापना गरी उपयुक्त प्राविधिक सहयोगबाट समयमा नै बीउबिजन, मललगायतका कृषि सामग्री र पशु चिकित्सा सेवाको उपलब्धतार प्रसारबाट कृषिकको सहज पहुँच स्थापित गर्ने व्यवस्था मिलाएको छु ।

२२. साना, सीमान्त किसान, महिला कृषक र विपन्न वर्गलाई सहुलियत अनुदान, प्रविधि, प्राविधिक ज्ञान र प्रसारमा सहज पहुँच स्थापना गरिनुका साथै कृषियोग्य भूमि यस्ता कृषकलाई कबुलियतमा समेत उपलब्ध गराउने व्यवस्था गरी प्राविधिक सेवा र टेवा दिइनेछ।

२३. वैदेशिक रोजगारबाट फर्केका कृषकको ज्ञान, सीप र अनुभवलाई प्रयोग गर्ने उचित वातावरण सिर्जना गरी सहुलियत रूपमा राज्यबाट प्रदान गरिने सेवा उपलब्ध गराउने सहजीकरण गरिनेछ।

२४. कृषि प्रबिधिक को व्यवस्था, पशु स्वास्थ्य कार्यक्रम संचालन, किटनासक औसधि निशुल्क उपलब्ध लगायतका कार्याक्रम गर्ने व्यवस्था मिलाएको छु ।।

२५. यसका लागि गाउँपालिका अन्तरगत कृषि सेवा शाखा द्वारा संचालन गरिने कार्यक्रम अन्तरगत रु. ३५ लाख र पशु सेवा शाखा द्वारा संचालन गरिने कार्यक्रम अन्तरगर रु. १५ लाख गरि जम्मा रु. ५० लाख रुपैया विनियोजन गरेको छु।संघिय सरकारद्वारा सशर्त अनुदान स्वरुप प्राप्त भएको रु. २८ लाख ३२ हजार नियोजित कार्यक्रमहरु सफलताका साथ सम्पन्न गर्ने व्यवस्था गरेको छु।मैले विनियोजन गरेको र संघिय सरकारद्वारा प्रदत्त सशर्त विनियोजित बजेट सहित कुल रु. ७८ लाख ३२ हजार कृषि तथा पशु क्षेत्रमा विनियोजन गरेको जानकारी गराउन चाहन्छु।

## सहकारी सम्बन्धी व्यवस्था

२६. सहकारीलाई रोजगारी प्रवर्द्धन र दिगो जीवनयापनका आधारका रूपमा विस्तार गरिनेछ। सहकारीलाई रोजगारी प्रवर्द्धन र दिगो जीवनयापनका आधारका रूपमा विस्तार गरिनेछ।

२७. स्थानीय उत्पादन तथा अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा बजारीकरणमा सहकारी संस्थाहरूलाई क्रियाशील तुल्याइनेछ। स्थानीय उत्पादन तथा अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा बजारीकरणमा सहकारी संस्थाहरूलाई क्रियाशील तुल्याइनेछ।

२८. गाउँपालिकाको आर्थिक क्रियाशिलता अभिवृद्दि गरि नगदको आम्दानीमुलक चलायमान राख्न गाउँपालिका भित्र रहेको सहकारी संस्था र संस्थामा आबद्द संचालक समितीका पदाधिकारीहरुको सहकारी सम्बद्द क्षमता अभिवृद्दी कार्यक्रमहरु सहितलाई सम्बोधन गर्ने गरि सेमिनार, गोष्ठी तथा तालिमजन्य कार्यक्रम खर्च एकमुष्ठ रु. ६ लाख विनियोजन गरेको छु।

**महिला बालबालिका तथा समाज कल्याण सम्बन्धी व्यवस्था**

२९. विकासका हरेक चरण, प्रक्रिया, योजना तथा आयोजनाहरुमा महिला, बालबालिका, समाजमा सामाजिक तथा आर्थिक रूपले कमजोर वर्ग, अल्पसंख्यकका मुद्दालाई मूलप्रवाहीकरण गरी समावेशी सहभागिता सुनिश्चित हुने व्यवस्था गरेको छू।

३०. सबै प्रकारका हिंसाहरू न्यूनीकरण गरी घरेलु एवं सामाजिक हिंसालाई कानुन बमोजिम दण्डनीय बनाउने विशेष कार्यक्रम सञ्चालन गरिनेछ । त्यसको लागि गाउँपालिकाको न्यायिक समितीमा गाउँपालिकाका उपाध्यक्ष सहित समितीका पदाधिकारी तथा वडाध्यक्षहरुलाई समयसापेक्षा महिला हिंसा जन्य तथा अन्य कानुनी क्षमती अभिवृद्दिका लागु समेत बजेट विनियोजन गरेको छु।

३१. निकृष्ट बालश्रमको अन्त्य गरी अनाथ तथा विपन्न बालबालिकाहरूको उचित व्यवस्थापनद्वारा उनीहरूको शिक्षा, स्वास्थ्यमा पहुँच लगायतका सम्पूर्ण विकासका अवसरहरूमा समावेश गरिनेछ।

३२. समाजमा रहेका सबै प्रकारका विभेद, छुवाछूतको अन्त्य गरी यस प्रकारको व्यवहारलाई दण्डनीय बनाउने, सचेतना एवं सद्भाव विस्तार गर्ने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

३३. ज्येष्ठ नागरिक, फरक क्षमता भएका, व्यक्तिहरुलाई गाउँपालिकाबाट नियमित रुपमा उपलब्ध गराउदै आएको परिचयपत्र वितरण प्रणाली अझ चुस्त तन्दरुस्त रुपमा वितरण गर्ने व्यवस्था मिलाएको छु। फरक क्षमता भएका व्यतिहरु विशेष गरि 'ग' र 'घ' वर्गका

व्यतिहरुलाई गाउँपालिकाले दिदै आएको निर्वाह भत्ता आगामी वर्ष पनि  निरन्तर गर्ने व्यवस्था मिलाएको छु।

३४. ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायात लगायतका अन्य कार्यक्रम मार्फत सहुलियत पाउने वातावरण सिर्जना गरि उनीहरुले पाउने सुविधा सुनिश्चित गरिनेछ ।

३५. सबै महिलाहरू विशेष रूपले आर्थिक र सामाजिक रूपमा विपन्न र अल्पसंख्यक महिलाको सामाजिक, आर्थिक सशक्तीकरण गर्दै महिलाको सामाजिक आर्थिक स्तर माथि उठाउनुका साथै तिनीहरूको मूलभूत अधिकार सुनिश्चित गरिनेछ, लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गरिनेछ । राजनीतिक, आर्थिक, सार्वजनिकलगायत सम्पूर्ण निर्णायक तहमा महिला, दलित तथा सीमान्तकृत समुदायको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गरिनेछ ।

३६. लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनका साथै, सामाजिक भेदभाव र बहिष्करण अन्त्यको लागि निरोधात्मक न्यायमा सहज पहुँच र संरक्षणात्मक उपायहरू अवलम्बन गरिनेछ ।

३७. आर्थिक सामाजिक रूपले विपन्न वर्ग तथा महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।

३८. गाउँपालिकाका गर्भवती महिला एवं नवजात शिशुहरुका लागि अघिल्लो आ.व.मा व्यवस्था गरिएको पोषण सुनिश्चितताको लागि गरिएको व्यवस्था अन्तरगत रु. १८ लाख यस आ.व.मा समेत निरन्तरता हुने व्यवस्था मिलाएको छु।

३९. समग्रमा उल्लेखित कार्यक्रमरु नियमित संचालन गर्ने वातावरण सिर्जना गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग एवं लक्षित बर्गको लागि एकमुष्ठ रु.४५ लाख विनियोजन गरेको छु।

**उपस्थित महोदयहरु,**

अब म सामाजिक क्षेत्रको कार्यक्रम तथा बजेट प्रस्ताव प्रस्तुत गर्न अनुमति चाहन्छु।

**शिक्षा सम्बन्धी व्यवस्थाः**

४०. शिक्षामा सबैको समतामूलक र सहज पहुँच सुनिश्चितताका लागि गाउँपालिका क्षेत्रमा निःशुल्क तथा अनिवार्य आधारभूत तथा निःशुल्क गुणस्तरीय माध्यमिक शिक्षामा बालबालिकाहरूको समतामूलक र सहज पहुँच तथा निरन्तरता सुनिश्चित गरिनेछ।

४१. गुणस्तरीय प्राविधिक तथा व्यावसायिक सीपमूलक शिक्षामा लगानी र पहुँच विस्तार गरिनेछ।

४२. विद्यार्थीहरूको संख्याको आधारमा प्रविधिमैत्री, बालबालिकामैत्री, अपाङ्गमैत्री कक्षाकोठा, पुस्तकालय, तथा प्रयोगशाला निर्माण, विकास र स्तरोन्नति गरिनेछ। आजको बालबालिका भविष्यका कुशल नेतृत्व हुन भन्ने मान्यता अनुरुप गाउँपालिका अन्तरगतका विद्यालयहरु जनचेतना मुलक बालमैत्री वातावरण निर्माण गर्न रु. १५ लाख बजेट विनियोजन गरेको छु।

४३. शिक्षा प्रशासनमा निरन्तर सुधारका साथै व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी शैक्षिक पद्धतिमा नवप्रवर्तन र सुशासनलाई उत्प्रेरित र संस्थागत गरिनेछ। यसका लागि रु. १५ लाख व्यवस्था गरेको छु।

४४. शिक्षा प्रशासनमा प्रभावकारिता ल्याउन राष्ट्रिय र स्थानीय नीति र मानकका आधारमा विद्यालय संख्या, शिक्षक विद्यार्थी अनुपात, शिक्षक दरबन्दी मिलान गरिनेछ। साथै विद्यार्थीका पढ्न पाउने अधिकार सुनिश्चिताको लागि शुन्य दरबन्दी स्थित विद्यालयहरुमा निजी शिक्षकहरुलाई दिईदै आएको अनुदान स्वरुप एकमुष्ठ रु. ३० लाख विनियोजन गरेको छु।

४५. पर्याप्त कक्षाकोठा, खानेपानी, खेलकुद मैदान, शौचालय, पुस्तकालय, खानेपानी, भवन, फर्निचर लगायतका अभाव जस्ता समस्याको समाधानमा जोड दिइनेछ। यसको लागि सिनाम मा.वि.,सिनामलाई फर्निचर निर्माणका लागि रु. ५ लाख, सिकैचा आ.वि., सिकैचाको लागि ठेसगाह्रो निर्माणका लागि रु. ८ लाख, फुन्द्रुवा आ.वि. नयाँभवन घेरावारा निर्माणका लागि

रु. १० लाख, पाथिभरा आ.वि. घेरावारा निर्माणको लागि रु. ८ लाख, भवानी प्रा.वि.को खेलमैदान निर्माणको लागि रु. ५ लाख, राष्ट्रिय मा.वि. को एच.पि.एफ. को नयाँ भवनको दक्षिण पट्टि घेरावारा सहित चेनगेट निर्माणका लागि रु. १३ लाख, याङपाङ आ.वि.को २ कोठे भवन निर्माणका लागि रु.८ लाख, सितला आ.वि. खेलमैदान विस्तारका लागि रु.२ लाख विनियोजन गरेको छु।

४६. अघिल्लो आ.व.मा शुरुवात गरिएको एस.ई.ई. र कक्षा ८ का जेहेनदार विद्यार्थीलाई छात्रवृत्ती एवं पुरस्कार सहित सम्मान गर्ने परिपाटिलाई यस वर्ष पनि निरन्तरता दिएको छु।

४७. नेपालमा बोलिने सम्पुर्ण भाषा राष्ट्रिय भाषा हुन भन्ने संवैधानिक मान्यता अनुरुप विगतमा संचालन हुँदै आएको आनिपान शिक्षण अध्यापनका लागि वडागत बजेट तर्फबाट रु. २० लाख ९२ हजार बजेट व्यवस्था गरेको छु।

**युवा तथा खेलकुद सम्बन्धी व्यवस्थाः**

४८. "युवासँग स्थानीय सरकार विशेष कार्यक्रम" सञ्चालन गरी उनीहरूको सीप, ज्ञान र क्षमतालाई प्रयोग गर्दै स्थानीय सरकारको कार्यदक्षताको अभिवृद्धि गर्न प्रयोग गरिनेछ,|

४९. व्यावसायिक सीप तथा उद्यमशीलताको विकास तथा श्रमलाई सम्मान गर्ने वातावरणको विकासका साथै वैदेशिक रोजगारतर्फको आकर्षण घटाउने गरी युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छू।संघिय सरकार तथा प्रादेशिक सरकारसँग समन्वय गरी स्थानीय स्तरमै स्वरोजगार सिर्जना गर्न अघिल्लो आ.व.मा संचालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम निरन्तरताको लागि नीतिगत व्यवस्था गरि थप बजेट माग गर्ने व्यवस्था मिलाएको छु।

५०. विद्यालय शिक्षासँग खेलकुद आबद्ध गराई वडा तथा गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम कम्तीमा वार्षिक १ पटक आयोजना गरिनेछ| जसका लागि वडा स्तर खेलकुद कार्यक्रमको

लागि ७ नं. वडा, खेवाङमा खेवाङ गोल्डकप, २०७६ संचालनका लागि रु.३ लाख अनुमोदन गरेको छु। साथै खेलकुद विकास कार्यक्रम अन्तरगत गाउँपालिका स्तरिय 'गाउँपालिका अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता' तथा अन्य खेलकुद संचालनका लागि रु. २५ लाख वजेटको व्यवस्था गरेको छु।

**स्वास्थ्य जनसंख्या तथा पोषण सम्बन्धी व्यवस्थाः**

५१. स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारको निर्माण, स्तरोन्नति र उपकरणहरूको जडान तथा दक्ष जनशक्तिबाट आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने सिद्दान्त अनुरुप ताप्लेजुङ जिल्लामै गाउँपालिका मध्ये पहिलो आफ्नै एम्बुलेन्स संचालन गर्न सफल भएको विवरण जाहेर गर्न चाहन्छु साथै चालु आ.व.मै प्राथमिक स्वास्थ्य केन्द्रमा एक्स रे सेवा समेत संचालनमा आएको विवरण प्रस्तुत गर्न चाहन्छु। साथै उक्त एक्स रे को नियमीत संचालनका लागि हाल भोगिरहेको उर्जा समस्या हल गर्न आवश्यक पर्ने विद्युत उपलब्धताको लागि स्थानीय विद्युत वितरणकर्तासँग उक्त समस्या समाधानको लागि निरन्तर प्रयास जारि रहेको जानकारी गराउन चाहन्छु।अन्य वैकल्पिक उर्जाको व्यवस्थापनका लागि प्रदेश सरकारसँग अनुदान माग गरी सम्झौताको प्रक्रिया समेत अगाडि बढि सकेको छ।

५२. प्रत्येक वडामा बर्थिङ सेन्टर, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई र तिनलाई आवश्यक पक्कि भवन, अन्य पूर्वाधार, उपकरण, ल्याब विस्तार, स्ट्रेचर, एक्स रे सेवाको सुरुवात र जनशक्तिको व्यवस्था गरिनेछ । आ.व. २०७५/२०७६ मा ओसे खोप केन्द्रको स्तरोन्नती गरि स्तानिय मागका आधारमा ओसे सामुदायिक स्वास्थ्य ईकाई सहित अन्य ३ वडामा वर्थिङ सेन्टर स्थापना भइ संचालानार्थ रहको जानकारी अवगत गराउन

चाहन्छु।साथै २ नं. वडा, आम्बेगुदिनमा आम्बेगदिन स्वास्थ्य चौकि घडेरी निर्माणका लागि रु. ४ लाख विनियोजन गरेको छु।

५३. स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपलब्ध गराउने सबै प्रकारका औषधि तथा सेवालाई नियमित तथा सुनिश्चित गराइनेछ र औषधि उपलब्धताको संस्थागत रूपमा अनुगमनको व्यवस्था गरिनेछ जसका लागि यस आ.व.को लागि रु. १५ लाख विनियोजन गरेको छु।

५४. निःशुल्क र सुरक्षित प्रसूति सेवा विस्तार गरी प्रसूति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ । बालबालिकाहरूको स्वास्थ्य, खोपहरूको उपयोग, पोषण स्थितिमा सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन चालु आ.व.मा सञ्चालन गरिएकोमा तरकारी, दुध, अण्डा, मासु तथा फलफूलका साथै पोषक खाद्यान्नको उपभोग बढाउन र त्यसबाट प्राप्त हुने पोषक तत्वबारे कृषि प्रसार कार्यक्रमबाट समेत प्रवर्द्धन गरी तदनुसार उत्पादन र प्रयोग बढाई बहुक्षेत्रीय पोषण कार्यक्रमलाई समन्वयात्मक रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । पोषण लक्षित र पोषण संवेदनशील कार्यक्रमहरूलाई लक्षित समुह विच सञ्चालन गर्न तथा निरन्तरता दिन रु.१८ लाख बजेट विनियोजन गरेको छु ।

५५. स्थानीय स्तरमा स्थानीय सरकारको स्वास्थ्य प्रतिनिधी गर्ने महिला स्वास्थ्य स्वंयम सेविकाहरुको काम गर्ने मनोबल उच्च राख्ने हेतुले आ.व. २०७५/२०७६ देखि दिईदै आएको स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन भत्ता आगामी आ.व.मा समेत निरन्तरता दिएको छु। यसको लागि रु. १० एकमुष्ठ विनियोजन गरेको छु।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अब म भौतिक पुर्वाधार विकास क्षेत्रको कार्यक्रम तथा बजेट प्रस्ताव प्रस्तुत गर्न अनुमति चाहन्छु।

## यातायात पुर्वाधार सम्बन्धी

५६. गाउँपालिकाको केन्द्र देखि प्रत्येक वडा केन्द्रसम्म १२ महिना यातायात सञ्चालन हुने गरी सडकको पहुँच पुऱ्याउने लक्ष्य अनुरुप कार्य सञ्चालन हुँदै आएको विदितै छ ।

गाउँपालिकाद्वारा प्रत्येक वडामा विनियोजित वडास्तर योजनामा विनियोजित रु. ५० लाखका अधिकांश योजना सडक पुर्वाधार योजना माग भएकोले पनि स्थानीय आवश्यकता समेत स्थानीय सडक पुर्वाधारमा नै रहेको भनि ठोकुवाका साथ भन्न सकिन्छ। तसर्थ गाउँपालिका स्तरिय योजना अन्तरगत वडा नं. १, सिनामलाई यातायात पुर्वाधार तर्फ रु.१७ लाख विनियोजन गरेको छु।

५७. अन्य वडा भन्दा जनसङ्ख्याको चाप र आवश्यकतालाई मध्यनजर गर्दै २ नं. वडा, आम्बेगुदिनलाई यातायात पुर्वाधार तर्फ विविध योजनामा एकमुष्ठ रु. ५२ लाख ६४ हजार व्यवस्था गरेको छु।

५८. सिरीजङ्घा ३ सिकैचा डुम्रिसे सिकैचा पाथिभरा कृषि सडक निर्माणका लागि रु. १२ लाख बजेट छुटयाएको छु।

५९. सिरीजङ्घा ४ भगवती आ.वि. देखि माछापोखरीसम्म मोटर बाटो निर्माणका लागि रु. ३० लाख विनियोजन गरेको छु।

६०. सिरीजङ्घा ६ मामंखे गुरासे डाडा बाटो तारजाली निर्माणका लागि रु. ५ लाख व्यवस्था गरेको छु।

६१. सिरीजङ्घा ७ तावाखोला राँके बजार पञ्चकन्या हुँदै एकचना भञ्याङ मोटरबाटो स्तरोन्नतीको लागि एकमुष्ठ रू. ३५ लाख बजेट विनियोजन गरेको छु।

६२. सिरीजङ्घा ७ राँकेटारदेखी मानेडाँडा हुँदै गणेश मा.वि. मोटरबाटो स्तरोन्नतीको लागि एकमुष्ठ रु. १० लाख विनियोजन गरेको छु। साथै फुङ्से खोला आर.सि.सि. पुल निर्माणका लागि समेत रु. ५ लाख व्यवस्था गरेको छु।

६३. सिरीजङ्घा ८ याम्फुदिनको पावर हाउस छिवुक हुँदै भोटे गाउँ जाने मोटर बाटो निर्माणका लागि रु. २५ लाख बजेट व्यवस्था गरेको छु।

**खानेपानी तथा सिँचाई सम्बन्धी व्यवस्थाः**

६४. अधिकांश जनसंख्या कृषि पेसामा निर्भर रहेको यस गाउँपालिकामा कृषिको उत्पादन, उत्पादकत्व वृद्धिदर बालीको विविधिकरण गर्न सिंचाइ सुविधाले ठूलो महत्व राख्दछ । खोला किनाराका फाँटहरूमा कृषकले सिंचाइ गरी कृषि उत्पादन हुने गरेको छ । हाल यस गाउँपालिकामा ४७ वटा सिंचाइ कुलोहरु पहिचान भएका छन् । यि मध्ये बहुसंख्यक कुलोहरु कच्चि रहेका छन् । यस गाउँपालिकाको कुल ८५३३३ हेक्टर खेतीयोग्य जमीन मध्ये जम्मा ८२६०० रोपनी जमीनमा मात्रै सिंचाइ सुविधा पुगेको छ ।

६५. स्रोत कम भएका ठाउँमा थोपा सिंचाइ तथा प्लास्टिक पोखरीको व्यवस्थापनमा प्राथमिकता दिइनेछ। चालु आ.व.मा समेत प्रत्येक वडामा १ वटा प्लाष्टिक पोखरी निर्माण भएको व्यहोरा समेत यहा उपस्थित महानुभावहरुमा जानकारी गराउन चाहन्छु।

६६. सिरीजङ्घा १, साविक सिनाम २,३,९ हुँदै खुम्लिसे कुलो पाईप खरिद तथा कुलो निर्माणका लागि एकमुष्ठ रु. ५ लाख विनियोजन गरेको छु।

६७. सिरीजङ्घा ३, सिकैचा देवी खोला टाहारी कुलो सिँचाई निर्माणका लागि रु. ५ लाख विनियोजन गरेको छु।

६८. सिरीजङ्घा ४, तेल्लोक घिमिरे खोला कुलो निर्माणका लागु रु.३ लाख र नागदेवा खोला मुहान गरी तापे दिन सिँचाई कुलो मर्मतको लागि रु. ३ लाख व्यवस्था गरेको छु।

६९. सिरीजङ्घा ५, पेदाङ ढोडेनी मुहान सिँचाई कुलो निर्माण क्रमागतको लागु रु. १५ लाख बजेट विनियोजन गरेको छु।निगाले अलैची, कि.वि. खेती सिँचाई कुलो निर्माणको लागु रु. ८ लाख विनियोजन गरेको छु।भुसपाते खानेपानी योजनाको लागि समेत रु. ४ लाख बजेट व्यवस्था गरेको छु।

७०. सिरीजङ्घा ६, मामंखे हाङखोला मुहान गरी साविक १,२,३,४,५ खानेपानी योजनाको लागि एकमुष्ठ रु. २० लाख विनियोजन गरेको छु।

७१. सिरीजङ्घा ७, खेवाङ किवाखोला दशधारे हुँदै विष्णु भट्टराईको घर सम्म कुलो निर्माणको लागि आवश्यक बजेट रु. १० लाख विनियोजन गरेको छु।ढेडु कुलो मुहान साविक खेवाङ१ सिरानबाट त्याम्फु आउने सिँचाई कुलो निर्माणका लागु रु.६ लाख विनियोजन गरेको छु।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अब म वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु।

**वन तथा वातावरण**

७२. गाउँपालिका क्षेत्रमा १४४.१४ बर्ग कि. मि. वन क्षेत्र रहेको छ । अधिकांश वडाहरूमा आधाभन्दा बढी वनको घनत्व रहेको छ । उक्त वन क्षेत्रमा सरकारी वन, सामुदायिक वन तथा कबुलियती वनसमेत समावेश रहेको छ । गाउँपालिका क्षेत्रको वनमा मुख्यतः चिलाउने, सल्ला, खयर, साल, बाँझ, गुराँस आदि जातका रूखहरूको बाहुल्यता रहेको छ ।

७३. राष्ट्रिय स्तरको कार्यक्रमको रुपमा रहेको "एक विरुवा, एक नेपाली" कार्यक्रमलाई विगतमा झै आगामी आ.व.मा पनि प्रभावकारी ढंगबाट संचालन गर्ने गरि गाउँपालिका कृषि अनुदान तर्फ आवश्यक बजेट व्यवस्था गरेको छु।

७४. वन पैदावार उपयोग तथा जैविक विविधता र वातावरणसम्बन्धी नीति, कानुन, योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन गर्ने,वातावरणीय प्रदुषण न्यूनिकरण गरिने छ । यसको लागि गाउँपालिका स्तरिय योजना अनुरुप रु. ३ लाख बजेट व्यवस्था गरेको छु।

७५. गाउँपालिका क्षेत्रभित्रको उपयुक्त स्थानहरूमा वन पैदावर संकलन र वितरण केन्द्र स्थापना गरिनेछ ।

७६. गैरकाष्ठ उत्पादन (जडीबुटी) लाइ व्यवस्थित एवं वैज्ञानिक तरिकाले व्यवस्थापन गरी मूल्य अभिवृद्धि हुने गरी निकासी गरिनेछ।

७७. विद्यमान सामुदायिक वनमा भएका स्थानीय जलवायु अनुकूलन योजनाहरू संकलन गरी गाउँपालिका क्षेत्रको समष्टिगत जलवायु अनुकूलन योजना बनाई तदअनुसार कार्यक्रम सञ्चालन गरिनेछ।

७८. किसानहरुलाई कम्पोष्ट मल बनाउने तालिम प्रदान गरिनेछ ।

७९. सडक किनारामा बृक्षरोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

८०. भु-संरक्षणमा जोड दिइनेछ ।

८१. उपयुक्त स्थानहरुमा फोहोर संकलनका लागि डस्टविनको व्यवस्था गरिनेछ ।

**विपद व्यवस्थापन सम्बन्धीः**

८२. गाउँपालिकाले व्यवस्थित र योजनाबद्ध विकासका प्रयासहरूको अवलम्बन प्रारम्भ गरेको छ । गाउँपालिकाले आरम्भ गरेको योजनाबद्ध विकास प्रयास, वातावरण मैत्री पूर्वाधार विकास, हरित सडक, फोहरमैला व्यवस्थापन, जनचेताना अभिवृद्धि जस्ता प्रयासहरूले विपद् न्यूनीकरण र स्थानीय सहभागिताबाट विपद् व्यवस्थापन गर्ने उपयुक्त अवसरहरूको विकास गरेको छ ।

८३. विपद् व्यवस्थापन नीति, रणनीति तयार गरी कार्यान्वयन गरिएको छ । उदारहणका लागि सिरीजङ्घा विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ (खण्ड १ संख्या ९ स्थानीय राजपत्र भाग २ पारित मिती २०७४-०९-०२), सिरीजङ्घा मर्मत सम्भार कोष कार्यविधी, २०७४ (खण्ड १ संख्या १० स्थानीय राजपत्र भाग २ पारित मिती २०७४-०९-०२), आर्थिक सहायता, २०७४ (खण्ड १ सङ्ख्या १७ स्थानीय राजपत्र भाग २ पारित मिती २०७५-०३-१४), सिरीजङ्घा गाउँपालिका आपतकालीन कार्यसञ्चालन कार्यविधि, २०७५ (खण्ड १ सङ्ख्या २० स्थानीय राजपत्र भाग २ पारित मिती २०७६-०१-२६)

८४. गाउँपालिका स्तरीय विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गरी विपद् व्यवस्थापनका लागि वडा स्तरीय स्वयंसेवक तयार परिचालनको व्यवस्था गरिनेछ ।

८५. गाउँपालिका स्तरिय विपद व्यवस्थापन कोषमा रकम वृद्दि गरि संभावित आईपर्ने विपद व्यवस्थापनको द्रुत प्रतिक्रियात्मक व्यवस्थापनका लागि विपद व्यवस्थापन समितीको रोहवरमा अन्य सामुदायिक तथा गैर सरकारी संस्थाहरु सँग समन्वय गरी विपद व्यवस्थापन सम्बद्द कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यन्वयन गरिने वातावरण निर्माण गरेको छु।तत्काल हुने विपदको व्यवस्थापनका लागि कोषमा रु. १० लाख बजेट व्यवस्था गरेको छु।

८६. हिमाली जिल्ला भएता पनि गाउँपालिकामा अधिक वर्षा हुने र त्यस्ता वर्षाबाट हुन सक्ने विपदहरु जस्तै पहिरो, सुख्खा पहिरो, ढिस्को खस्ने जस्ता विपदद्वारा नागरिकका दिनदैनिक क्रियाकलाप तथा यातायात सेवा अवरुद्द गर्ने हुँदा रेपिड रेस्पोन्स गरि मर्मत तथा व्यवस्थापन गर्ने प्रयोजनार्थ मर्मत संभार कोषमा रु. ५० लाख विनियोजन गरेको छु।

अब म संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रको कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु।

## सार्वजनिक तथा अन्य पुर्वाधार

८७. नेपालको संविधान (२०७२) बमोजिम मुलुक संघीय संरचनामा प्रवेश गरी राज्यको पुनःसंरचनापश्चात् जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारको रूपमा गाउँपालिकालाईसमग्र विकासको नेतृत्व गर्ने जिम्मेवारी प्रदान गरेको छ । गाउँपालिकाले विकास आयोजनाको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुका साथै नागरिक मैत्री सेवा प्रवाह, सेवा प्रवाहमा प्रविधिको उपयोग, चुस्त संगठन संरचनाको विकास, प्रभावकारी संस्थागत संयन्त्रको स्थापना र विकास, पधाधिकारी एवं कर्मचारीको क्षमता विकासमार्फत अधिकारमा आधारित सेवा प्रवाहको प्रत्याभूति गर्नु गाउँपालिकाको अवसर हो भने नवस्थापित संरचनका लागि यो कार्यभार पूरा गर्ने कार्य चुनौतीपूर्ण रहेको मैले अनुभव गरेको छु । यी कार्यहरू पूरा गर्न नातिजामूलक कार्य योजनाको तर्जुमाका साथै त्यसको प्रभावकारी कार्यान्वयनका माध्यमबाट मात्र पूरा गर्न सकिने विश्वास मैले लिएको छु ।

८८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत

मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । जस अन्तरगत ४ वर्षीय कृषि तथा पर्यटन रणनीति निर्माण गरि कार्यान्यनमा ल्याईएकोमा यसै चालु आ.व.मा गाउँपालिकाले प्रथम आवधिक योजना (२०७६/०७७-२०८०/०८१) निर्माण गरि विकास निर्माणका आधारशिला स्तम्भको रुपमा उक्त आवधिक योजनालाई प्रभावकारी रुपमा कार्यन्यन गर्ने व्यवस्था समेत मिलाएको छु।

८९. गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न गाउँपालिकाको कार्यालयमा उपलब्ध कर्मचारीहरुको उच्चतम प्रयोग गरी गाउँपालिकाको कार्यक्षमता अभिवृद्धि गर्न चा.लु. आ.व.मा दिईदै आएको प्रोत्साहन भत्ता अनुमोदन गर्दै आगामी वर्षहरुमा समेत कार्य प्रकृती र कार्य जटिलताको आधारमा कार्यसम्पन्न गर्नेका लागि विशेष व्यवस्था मिलाएको छु।

९०. स्थानीय सरकार सञ्चालन ऐनले संघीय सरकारको स्वीकृतिमा संघिय तथा प्रादेशिक सरकार, विकास साझेदार तथा अन्तर्राष्टिय गैरसरकारी संस्थासँग गाउँपालिकाको विकासका लागि स्रोत जुटाउन सक्ने व्यवस्था गर्नुका साथै गाउँपालिका क्षेत्रभित्र कार्यरत सबै संघीय, प्रादेशिक र स्थानीय तहमा कार्यरत सबै सरकारी कार्यालय, गैरसरकारी, सहकारी संस्था एवं निजी क्षेत्रसँग सहकार्य र अन्तरसम्बन्ध स्थापित गरी समन्वयात्मक रूपमा कार्य सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारीसमेत दिएको छ । यसै सन्दर्भमा गाउँपालिका अन्तरगतका प्रत्येक वडाहरुमा अत्यावश्यक रहेका अति महत्वपुर्ण तथा ठुला प्रकृतीका योजनाहरु निर्माण गरि संघिय तथा प्रादेशिक सरकारसँग थप आवश्यक बजेट माग गरि योजनाहरु सम्पन्न गर्ने लक्ष्य अनुरुप प्रत्येक वडाहरुले माग गरेका अत्यावश्यक योजनाहरु डि.पी.आर. गर्ने प्रयोजनार्थ पुँजीगत अनुसन्धान तथा सेवा प्रवर्धनात्मक तर्फ एकमुष्ठ रु. ८० लाख बजेट विनियोजन गरेको छु।

९१. स्थानीय सरकार सञ्चालन ऐनले संघीय सरकारको स्वीकृतिमा संघिय तथा प्रादेशिक सरकार, विकास साझेदार तथा अन्तर्राष्टिय गैरसरकारी संस्थासँग गाउँपालिकाको विकासका

लागि साझेदारीमा स्रोत जुटाउन सक्ने व्यवस्था गरेबमोजिम गाउँपालिकामा अनुमानित रु. ७ करोड भन्दा माथि साझेदारी तथा समपुरक अनुदान भित्र्याउने लक्ष्य अनुरुप म्युचल फण्ड र समपुरक कोषमा रु. १/१ करोड बजेट व्यवस्था गरेको छु।

९२. कर्मचारी र राजनीति **बीच**को अन्तर सम्बन्धलाई सेवा प्रवाह सँग आवद्ध गरी कर्मचारी व्यवस्थापन प्रभावकारी बनाइने छ। गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तथा सिपमूलक तालिम, गोष्ठि तथा पदाधिकारीहरुलाई नेतृत्व विकास तालिमको व्यवस्था गरेको छु। यसको लागि रु. ८ लाख व्यवस्था गरेको छु।

**कानुन निर्माण तथा न्याय सम्बन्धीः**

९३. सबै गाउँपालिकाबासीहरुलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय प्रणालीको विकास गर्ने नीति अवलम्बन गरेको छु। नेपालको संविधान, २०७२ को अनुसुची ८ र ९ अन्तर्गतका विषयहरुमा क्रमशः आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड इत्यादि गाउँपालिकाले तर्जुमा गरि कार्यान्वयन गरी रहेको अवस्था छ। हाल सम्म गाउँपालिकामा ३२ वटा मध्ये ७ वटा ऐन, बाँकि २५ नियम, कार्यविधी, निर्देशिका, मापदण्ड आदी लागु भईरहेको अवस्था छ। राष्ट्रिय समस्याको रुपमा रहेको कर्मचारी अभाव, न्युन मौज्दात कर्मचारी मात्र प्रविधीमैत्री भए तापनि सबै कानुनहरु सार्वजनिकिकरण गर्ने प्रयोजनार्थ स्थानीय राजपत्र प्रकाशन अन्तिम अवस्थामा पुगिसकेको अवगत गराउन चाहन्छु।

९४. गाउँपालिका बासीहरुलाई छिटो छरितो रुपमा न्याय दिनका लागि आवश्यक स्रोत, साधन र संयन्त्रको प्राथमिकताका साथ व्यवस्थापन गरिने छ । गाउँपालिकाको उपभोक्ता समितीहरुलाई विकास सम्बद्द विद्यमान कानुनी व्यवस्थाहरुको अवस्था, न्यायिक समितीका

पदाधिकारीहरुको चुस्त तन्दरुस्त न्यायिक सम्पादन क्षमती अभिवृद्दीका लागि सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च रु.६ लाख विनियोजन गरेको छु।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अब म वित्तीय व्यवस्थापन र सु-शासन सम्बन्धी नीति प्रस्तुत गर्न अनुमति चाहन्छु।

**वित्तीय व्यवस्थापन र सु-शासन सम्बन्धी व्यवस्थाः**

९५. यस सिरीजङ्घा गाउँपालिकाको आर्थिक विकासको लागि विभिन्न स्रोतबाट प्राप्त हुने श्रोत साधनको समुचित व्यवस्थापनको महत्वपूर्ण पाटोको रुपमा रहेको लेखाङ्कन प्रणालीलाई व्यवस्थित र पारदर्शी तुल्याउने तथा राजश्व परिचालन गाउँ विकासको लागि श्रोत संकलनको प्रमुख माध्यम भएकोले राजश्वका दरहरुलाई जनमानस अनुकुल सहुलियत हुने गरि निर्धारण गर्ने साथै करहरुको दायरालाई फराकिलो पारिने छ। राजश्व संकलन तथा परिचालन कार्यलाई प्रभावकारी तुल्याईने, वित्तीय अनुशासनलाई कडाईका साथ पालना गरिने, साथै वित्तीय अनुसन्धान कार्यलाई अंगिकार गरी वित्तीय जोखीम न्यूनिकरण गर्ने कार्यहरु समेत विशेष प्राथमिकताका साथ अगाडी बढाईने छ ।

९६. जनताले तिरेको करबाट उठेको राजश्व जनताकै लागि खर्च गरिदा पारदर्शीता कायम राख्ने र प्रभावकारी रुपमा गरिनु पर्छ भन्ने मान्यतालाई अंगिकार गर्न सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण र संभावित बेरुजुको फछर्यौट गर्ने जस्ता कार्यहरुलाई प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याईने छ भने नीतिगत सुशासन प्रबर्द्दनका लागि प्रत्येक वित्तीय कृयाकलापहरु लगायत गाउँपालिकाका सबै गतिविधीहरुलाई प्रभावकारी माध्यमहरु जस्तैः पत्र, पत्रिका, स्थानीय रेडियो, टेलिभिजन, गाउँपालिकाको वेबसाईट लगायतका माध्यमहरुको प्रयोग गरि जनतालाई सु-सुचित हुने व्यवस्था मिलाईनेछ ।

९७. गाउँपालिकाबाट हुने विकास निर्माणका सम्पुर्ण योजनाहरुमा मितव्ययीता, पारदर्शीता तथा सुशासन अभिवृद्दी गर्न, योजनाहरुको गुणस्तरियता कायम राख्न विगतमा टुक्रे तथा सानातिना योजनाहरुमा

हुने वजेट विनियोजनको शिलशिला कम गर्दै स्थानीय स्तरमा आम नागरिकले विकासको प्रत्यक्ष परिवर्तन महशुस हुने गरि यो आ.व. को बजेट विनियोजन गरेको छु।

९८. गाउँपालिका भित्र संचालित हुने सम्पुर्ण प्रशासनिक, विकास, सार्वजनिक सेवा, योजना आदिको पारदर्शिता, नियमितता तथा सुशासन कायम राख्न पदाधिकारीहरुबाट नियमीत अनुगमन तथा मुल्याङ्कनको विगतमा झै व्यवस्था गरिएको छ। अनुगमन तथा मुल्याङकन अन्तर्गत मैले रु. ३ लाख व्यवस्था गरेको छु।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

९९. यो बजेट तर्जुमाको प्रक्रियामा निरन्तर सहयोग गरिदिन हुने गाउँपालिका उपाध्यक्षज्यु, गाउँपालिकाका वडा अध्यक्षज्युहरु, गाउँकार्यपालिकाका सदस्यज्युहरु, प्रमुख प्रशासकिय अधिकृतज्यु, प्रशासन तथा योजना शाखाका प्रमुखज्यु, आर्थिक तथा राजश्व शाखाका लेखा प्रमुखज्यु तथा वडासमिती तथा गाउँसभाका सम्पुर्ण सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यसै गरी बजेट निर्माणका क्रममा निरन्तर सुझाव दिन हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, पेशकर्मी, राष्ट्रसेवक, पत्रकार र गाउँवासी सम्पुर्ण दिदी बहिनी, दाजुभाईहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

१००. अन्त्यमा गाउँपालिकाको आर्थिक सामाजिक तथा सुशासनको विकासमा निरन्तर सहयोग पु-याउनका लागि बजेट कार्यान्वयनको क्रममा सबै पक्षको सहयोग प्राप्त हुने विश्वास लिएको छु।

**धन्यवाद!!!!**